**अनुसूची - २**

**(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)**

**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड : ९** **सङ्ख्या : ५** **मिति : २०८२/०३/०९**

**भाग –१**

**चौरजहारी नगरपालिका**

**प्रकाशन मिति : २०८२/०३/१३**

## चौरजहारी नगरपालिकाको वाङ्मयकला परिषद् ऐन, २०८२

**प्रस्तावना :** यस चौरजहारी नगरनगरपालिकाक्षेत्रभित्र भाषा, साहित्य, संस्कृति र ललितकला, नाट्य, सङ्गीत, ज्ञान विज्ञान क्षेत्रको संरक्षण, संवर्धन र विकासका लागि आवश्यक व्यवस्था गर्न वाङ्मयकला परिषद स्थापना गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी पालिकाले यो ऐन बनाएको छ।

### परिच्छेद १

### प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **'चौरजहारी नगरपालिकाको वाङ्मयकला परिषद् ऐन, २०८२'** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अकर्को अर्थ नलागेमा यस ऐनमा,

(क) 'वाङ्मयकला परिषद् ऐन' भन्नाले दफा ३ बमोजिम गठन भएको ऐनलाई सम्झनु पर्छ।

(ख) 'नगरपालिकावाङ्मयसभा' भन्नाले दफा ७ बमोजिम गठित सभालाई सम्झनु पर्छ।

(ग) 'कार्यकारिणी समिति' भन्नाले दफा ८ बमोजिम गठित परिषद्लाई सम्झनु पर्छ।



चौरजहारी नगरपालिका

(घ) ‘नगरपालिका’ भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनु पर्छ।

(ङ) ‘अध्यक्ष’ भन्नाले वाङ्मयकला परिषदको 'अध्यक्ष' लाई सम्झनु पर्छ।

(च) ‘तोकिएको’ वा ‘तोकिएबमोजिम’ भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

## परिच्छेद २

## वाङ्मयकला परिषद्को स्थापना, काम, कर्तव्य र अधिकार

**३. वाङ्मयकला परिषद्को स्थापना :** (१) पालिकाभित्र रहेका भाषा साहित्य, ललितकला, गीत संगीत, ज्ञान विज्ञान तथा संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, सवर्धन र विकासका लागि चौरजहारी नगरपालिकाको वाङ्मयकला परिषद' नामको एक वाङ्मयकला परिषद्को स्थापना गरी सञ्चालनमा ल्याउनुपर्ने छ।

(२) वाङमय कला परिषदको कार्यालय चौरजहारी नगरपालिकामा रहनेछ।

**४. वाङ्मयकला परिषद् स्वतन्त्र र अधिकार सम्पन्न हुने :** (१) वाङ्मयकला परिषदले नगरपालिकासभाबाट पारित नीति र बजेटको सीमाभित्र रही वाङ्मयसभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सक्ने पालिकाको अभिन्न अङ्ग हुनेछ। यो एक स्वतन्त्र र अधिकारसम्पन्न वाङमय कला परिषदका रूपमा रहनेछ।

(२) वाङ्मयकला परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचविखन गर्न, वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(३) वाङ्मयकला परिषदले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र वाङ्मयकला परिषद उपर पनि नालिस उजुर लाग्न सक्नेछ।

(४) वाङ्मयकला परिषद्ले व्यक्ति सरह करार गर्न करारबमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

**५. वाङ्मयकला परिषद्को काम कर्तव्य र अधिकारहरू :** (१) वाङ्ग्मय कला परिषद्ले आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्नुपर्नेछ।

(२) यस ऐनमा अन्यन्त्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त वाङ्मयकला परिषद्को काम कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछ :

(क) वाङमय कला परिषदको नीति तथा कार्यक्रम तर्जुमा गर्ने।

(ख) नगरपालिकाभित्र रहेका भाषा-साहित्य, ललितकला, हस्तकला, लोककला, वास्तुकला, चित्रकला, मूर्तिकला, गीत संगीत, नाटक, ज्ञान-विज्ञान तथा संस्कृक्तिको अध्ययन, अनुसन्धान, संरक्षण, सवर्धन र विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने।

चौरजहारी नगरपालिका

(ग) नगरपालिकाक्षेत्रभित्रका सुष्टाहरूका सिर्जना प्रकाशन तथा प्रदर्शनीका लागि प्रोत्साहन गर्ने।

(घ) पालिकाभित्रका साहित्यकार, कलाकारका साहित्यिक कृति तथा कलाकृक्तिहरू निश्चित प्रति खरिद गरी प्रोत्साहन गर्ने ।

(ङ) स्वदेशी तथा विदेशी साहित्यिक कृतिहरू सहयोग / उपहारस्वरूप ग्रहण गर्ने ।

(च) नगरपालिकाक्षेत्रभित्रका सामुदायिक पुस्तकालयहरूलाई व्यवस्थितरूपमा सञ्चालनका लागि प्रोत्साहन गर्ने ।

(छ) नगरपालिकाभित्र रहेका कला तथा साहित्य संस्थाहरू पालिकामा दर्ता, नवीकरण र सूचीकरण गर्ने ।

(ज) कला तथा साहित्य संस्थाहरूको अनुगमन र मूल्यांकनमा नियामक भूमिका निर्वाह गर्ने ।

(झ) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानलगायत अन्य प्रदेश, नगरपालिकातथा सङ्घीय सरकार एवम् लगायत सरोकारवाला संस्थाहरूसित समन्वय र सहकार्य गर्ने ।

(ट) भाषा, साहित्य, संस्कृति, ललितकला, गीतसङ्गीत, नाटक, सामाजिक शास्त्र, दर्शन शास्त्र, ज्ञान-विज्ञान आदि विविध विषयको खोज, अनुसन्धान, अन्वेषण गर्ने लेखनवृत्ति प्रदान गर्ने ।

(ठ) विद्यालय तथा महाविद्यालयहरूसित सहकार्य गरी विद्यार्थीहरूलाई भाषा, ललितकला, साहित्य, संस्कृतिसँग सम्बन्धित विषयमा शोध कार्यका लागि प्रोत्साहन गर्ने ।

(ड) पालिकाका विविध भाषाका कृति र विदेशी भाषामा लेखिएका साहित्यिक कृतिहरूको अनुवादका लागि प्रोत्साहन गर्ने ।

(ढ) भाषा, साहित्य, ललितकला, गीतसङ्गीत, नाटक, ज्ञान-विज्ञानलगायतका संस्कृतिसम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय सभा सम्मेलन, गोष्ठी सञ्चालन गर्ने तथा सहभागिता जनाउने ।

(ण) पालिकाका विभिन्न जात, जाति, धर्म, सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र सङ्ग्रहालय निर्माण गर्ने ।

(त) साहित्य, कला, संस्कृति क्षेत्रको साधनामा लागेर विशिष्ट पहिचान बनाएका स्रष्टाहरूलाई सम्मान गर्ने ।

(थ) लोपोन्मुख भाषा, संस्कृतिको संरक्षण गर्ने ।

(द) स्थानीय कलाको संरक्षण र संवर्धन गर्ने ।

(घ) पालिकास्तरीय कलादीर्घा/गृह (आर्ट ग्यालरी) निर्माण गर्ने ।

(न) खुला संग्रहालय/पार्क/स्मारक / मूर्तिकला बगैंचा निर्माण गर्ने ।

(प) नगरपालिकासभाले पारित गरेका भाषा, साहित्य, कला र संस्कृति सम्बन्धित अन्य कार्य गर्ने ।

गोदावरी नगरपालिका

## परिच्छेद ३

## वाङ्मय कला परिषद्को संरचना

६. **परिषद्को संरचना :** (१) परिषद्को आफ्नै संरचना हुनेछ।

(२) परिषद्को संरचना देहायबमोजिम हुनेछ र यिनीहरूको सामूहिक रूप नै चौरजहारी नगरनगरपालिकावाङ्मयकला परिषद् हुनेछ :

(क) चौरजहारी नगरनगरपालिकावाङ्मयसभा

(ख) चौरजहारी नगरनगरपालिकावाङ्मयकार्यकारी समिति

७. **वाङ्मयसभाको गठन तथा काम, कर्तव्य र अधिकार:** (१) वाङ्मयकला परिषदको सर्वोच्च निकायको रूपमा एक वाङ्मयसभा रहनेछ।

(२) वाङ्मयसभामा अध्यक्षसहित १५ जना रहनेछन। सभाको गठन देहाय बमोजिम हुनेछ :

(क) अध्यक्ष - अध्यक्ष

(ख) उपाध्यक्ष - उपाध्यक्ष

(ग) सचिव - सचिव

(घ) नगरनगरपालिकाक्षेत्रभित्र रहेका भाषा-साहित्य, ललितकला, नाट्य, चलचित्र, संस्कृति, दर्शन, इतिहास, समाजशास्त्र आदिसँग सम्बन्धित व्यक्तिहरूमध्येबाट समावेशितालाईसमेत ध्यानमा राखी परिषद सदस्यमा पालिकाले दफा १० (३) बमोजिम मनोनयन गरेका ११ जना - सदस्य

(ङ) शिक्षा शाखा हेर्ने कर्मचारी - पदेन सदस्य

(३) उपदफा २ को 'क, ख, ग, घ' बमोजिम मनोनित अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ।

(४) कुनै कारणले वाङ्मयसभाका मनोनित सदस्यको पद रिक्त हुन आएमा बाँकी कार्यकालको लागि त्यस्तो सदस्य जुन विद्या, क्षेत्रबाट मनोनयन भएको हो सोही विधा, क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(५) वाङ्मय सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वाङ्मयकला परिषदको नीति निर्धारण गर्ने।

(ख) नगरपालिकासभाले तोकेको बजेटसीमामा रही वाङ्मयकला प्रष्ठिानको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने।

(ग) विद्वतवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने।

(घ) परिषदलाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने।

(ङ) परिषदका कामको अनुगमन तथा मूल्यांकन गर्ने।

(च) वाङ्मयकला परिषद्को नियमावली स्वीकृत गर्ने।

(छ) तोकिएबमोजिमका काम गर्ने ।

(६) सभाको बैठक कम्तिमा वर्षको १ पटक बस्नेछ । बैठक बस्नुअघि बैठक बस्ने स्थान, मिति, समय र छलफलको कार्यसूची सहितको सूचना सभाका सचिवले सदस्यहरूलाई कम्तिमा ४८ घण्टा पहिले दिनुपर्नेछ ।

(७) सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्या को पचास प्रतिशतभन्दा बढी सदरहरूमा उपस्थित भएमा सभाको बैठकको लागि गणपुरक सङ्ख्या  पुगेको मानिनेछ ।

(८) सभाको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(९) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(१०) सभाको बैठकको निर्णय सभाको अध्यक्ष तथा सचिवले प्रमाणित गरी राख्नेछ ।

(११) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **कार्यकारी समिति गठनको गठन तथा काम, कर्तव्य र अधिकार:** (१) नगरपालिकाको सभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि एक स्वतन्त्र र अधिकारसम्पन्न कार्यकारी निकायका रुपमा एक परिषद् रहनेछ ।

(२) उपदफा १ बमोजिम परिषद्को गठन यस प्रकार हुनेछ :

(क) अध्यक्ष - अध्यक्ष

(ख) उपाध्यक्ष - उपाध्यक्ष

(ग) सचिव - सचिव

(घ) दफा ७ को उपदफा २ (घ) अनुसार वाङ्मयसभाका सदस्यहरूमध्येबाट साहित्य, ललितकला, गीत सङ्गीत, नाट्य तथा चलचित्र, मातृभाषा तथा लोकवार्ता, ज्ञान-विज्ञान, इतिहास, दर्शन, समाजशास्त्र विभागका कामको संयोजन गर्नेगरी कम्तिमा २ जना महिलासहित आवश्यकताअनुसार ४ देखि ६ जना - सदस्य

(३) कुनै कारणले उपदफा २ (ख) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ

(४) अध्यक्ष कार्यकारी प्रमुख हुनेछ ।

(५) कार्यकारी समितिको बैठकले समितिका सदस्य संयोजक रहने गरी वाङ्मयसभाका सदस्यहरूमध्येबाट साहित्य, ललितकला, लोककला, हस्तकला, वास्तुकला, चित्रकला, मूर्तिकला, गीत सङगीत, नाट्य तथा चलचित्र, मातृभाषा तथा लोकवार्ता, इतिहास, ज्ञान-विज्ञान, दर्शन, समाजशास्त्र विभाग वा उपसमितिको गठन गर्न सक्ने छ ।

(६) कार्यकारी समितिको बैठक कम्तिमा महिनाको १ पटक बस्नेछ।

९. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकार** : (१) कार्यकारी समितिले आफ्नो काम, कर्तव्य र अधिकारको परिधीमा रहेर कार्य गर्नुपर्नेछ।

(२) कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) वाङ्मयसभाले गरेका निर्णयहरू कार्यान्वयन गर्ने।

(ख) वाङ्मयसभाले दिएको निर्देशन पालना गर्ने।

(ग) सचिवले पेस गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा कार्यक्रमहरूका सम्बन्धमा छलफल तथा आवश्यकतानुसार संशोधन गरी अनुमोदनका लागि वाङ्मयसभामा पेस गर्ने।

(घ) विदत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनको लागि वाङमय सभामा पेस गर्ने।

(ङ) परिषदको काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने।

(च) तोकिएबमोजिमका काम गर्ने।

१०. **सिफारिस समिति :** (१) वाङमय कला परिषदको अध्यक्ष, उपाध्यक्ष, सचिव तथा वाङ्मयसभा सदस्यहरू र कार्यकारी समितिका सदस्यहरूको मनोनयनका लागि नगर कार्यनगरपालिकासमक्ष सिफारिस गर्न सामाजिक विकास समिति संयोजकको संयोजकत्वमा दुई जना सदस्य रहेको सिफारिस समिति नगर कार्यपालिकाले गठन गर्नेछ।

(२) उपदफा १ बमोजिम गठित सिफारिस समितिले नगरनगरपालिकाक्षेत्रभित्र रहेका संस्कृति, ललितकला, साहित्य, सङ्गीत, नाट्य, ज्ञान विज्ञान, चलचित्र, लोककला, हस्तकला, वास्तुकला, दर्शन तथा सामाजिक शास्त्र सम्बन्धी विधामा १० वर्षदेखि क्रियाशील रहेका वा सम्बन्धित विषयमा कृतिहरू प्रकाशन गरेका वा प्रदर्शनी गरेका वा प्राज्ञिक क्षेत्रमा विशिष्ट पहिचान बनाएका ख्यातिप्राप्त व्यक्तिहरूमध्येबाट सम्भव भएसम्म भाषा-साहित्य, ललितकला, गीतसङ्गीत, चलचित्र, नाटक, ज्ञान विज्ञान, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने र जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी उपयुक्त नाम चयन गरी नगर कार्यनगरपालिकासमक्ष सिफारिस गर्नेछ।

(३) सिफारिस समितिको सिफारिसबमोजिम नगर कार्यपालिकाले दफा ७ को उपदफा २ तथा दफा ८ को उपदफा (२) बमोजिम वाङ्मयसभा तथा कार्यकारी समितिको गठन गरिने छ।

## परिच्छेद ४

## वाङ्मयकला परिषद्का पदाधिकारी तथा सदस्य

**११. अध्यक्ष :** (१) अध्यक्ष वाङ्मयकला परिषदको प्रमुख पदाधिकारी हुनेछ।

(२) अध्यक्षको काम, कर्तव्य र अधिकार यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सभाले दिएको निर्देशन र परिषदले गरेका निर्णयको कार्यान्वयन गर्ने, गराउने।

(ख) वार्षिक कार्यक्रम, बजेट, कार्यक्रमहरू, प्रगति प्रतिवेदन तयार गर्ने गराउने।

(ग) स्वदेशी तथा विदेशी संघ, संस्थाहरूसँग वाङ्मयकला परिषदको कामसँग सम्बन्धित विषयमा सम्पर्क- समन्वय गर्ने, गराउने।

(घ) तोकिएबमोजिमका काम गर्ने।

**१२. उपाध्यक्ष :** (१) दफा १० बमोजिम उपाध्यक्षको नियुक्ति गरिने छ।

(२) उपकुलपतिको काम, कर्तव्य र अधिकार यसप्रकार हुनेछ :

(क) अध्यक्षको अनपस्थितिका अध्यक्षको रूपमा काम गर्ने।

(ख) तोकिएबमोजिमका काम गर्ने।

**१३. सचिवः** (१) वाङ्मयकला परिषद्को काम कारवाहीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न दफा १० बमोजिम सचिवको नियुक्ति गरिने छ।

(२) सचिवको काम तोकिएबमोजिम हुनेछ।

**१४. वाङ्मयसभा सदस्य :** (१) वाड्मय कला परिषदको उद्देश्य पूर्तिका लागि दफा ७ (२) बमोजिमको वाङमय सभा सदस्यहरू रहनेछन्।

(२) उपदफा १० बमोजिम गठित सिफारिस समितिको सिफारिसमा बाड्मय सभा सदस्यको निक्ति गरिने छ।

**१५. कार्यकारी समिति सदस्य** (१) वाङ्गय कला परिषद्को काम कारवाहीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न दफा ८ (२) बमोजिम कार्यकारी समिति सदस्य रहनेछन्।

**१६. पद रिक्त हुने :** (१) देहायका अवस्थामा परिषदका अध्यक्ष, वाङ्मयसभाका सदस्य तथा कार्यकारी समितिका सदस्यहरूको पद रिक्त रहेको मानिनेछ :

(क) निजको पदावधि समाप्त भएमा।

(ख) निजले राजिनामा दिएमा।

(ग) निजको मानसिक सन्तुलन ठिक नभएमा।

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा।

(ङ) निज दफा १७ बमोजिम हटेमा।

(च) निजको मृत्यु भएमा।

**१७. पदबाट हटाउन सक्ने :** (१) परिषदका पदाधिकारी तथा सदस्यहरूले ऐनको उद्देश्यबमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमानदारीपूर्वक कार्य नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई वाङ्मयसभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले नगरपालिकाअध्यक्षसमक्ष लिखित निवेदन दिएमा अध्यक्षले एक छानविन समिति गठन गर्नेछ ।

(२) उपदफा १ बमोजिम गठित छानविन समितिले सो सम्बन्धमा छानविन गरी आफ्नो प्रतिवेदन नगरपालिका
प्रमुखसमक्ष पेस गर्नेछ ।

(३) उपदफा २ बमोजिम पेस भएको प्रतिवेदनबाट निजलाई पदबाट हटाउन उपयुक्त लागेमा नगरपालिकाप्रमुखले हटाउन
सक्नेछ ।

(४) परिषदका अध्यक्ष, वाङ्मयसभाका सदस्य तथा परिषदका सदस्यहरूलाई पदबाट हटाउन् अघि सफाइको
मौका दिनुपर्नेछ ।

**१८. सचिवालय :** (१) वाङ्मयकला परिषद्को सचिवालय पालिकाले तोकेको स्थानमा रहनेछ ।

(२) वाङ्मयकला परिषद्को सम्पर्क-समन्वय महाशाखा रहने छ ।

(३) वाङ्मयकला परिषदको बार्षिक प्रतिवेदन महाशाखामार्फत नगरपालिकाप्रमुखसमक्ष पेस हुनेछ ।

(४) सचिवालयमा आवश्यकतानुसार अन्य कर्मचारीहरू रहन सक्नेछन् ।

चौरजहारी नगरपालिका

## परिच्छेद ५
## विविध

**१९. विविध :** (१) परिषद्का अध्यक्ष तथा उपाध्यक्षले अनुसूची १ बमोजिम नगरपालिकाप्रमुखसमक्ष र सचिव, वाङ्मयसभा तथा परिषदका सदस्यहरूले **अनुसूची १** बमोजिम अध्यक्षसमक्ष शपथ लिनुपर्नेछ ।

(२) अध्यक्ष, उपाध्यक्ष, सचिव, वाङमय सभाका सदस्य तथा परिषद्का सदस्यहरूको पारिश्रमिक, सेवाका सर्त र सुविधा कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(३) वाङ्मयकला परिषदले मापदण्ड निर्धारण गरी पालिकाभित्र भाषा-साहित्य, कला, संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने स्रष्टाहरूलाई ऐनबमोजिम मानार्थ, विशिष्ट तथा आजीवन सदस्यता उपलब्ध गराउन सक्नेछ

(४) वाङ्मयकला परिषदले छुट्टै प्रतीक चिन्ह लोगो, लेटर प्याड, छापको प्रयोग गर्न सक्नेछ । प्रतीक चिन्ह अनुसूची २ मा उल्लेख भएबमोजिम हुनेछ ।

(५) पालिकाले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियम, नियमावली, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ ।

चौरजहारी नगरपालिका

## अनुसूची १
## (दफा १९(१) सँग सम्बन्धित )

म ................................................... सत्य र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु ईश्वर/देश र जनाताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफावार रही ............. वाङ्मयकला परिषदको ............................... पदको कामकाजमा प्रचलित कानुनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई, इमानदारीसाथ गर्नेछ र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको क्रा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दाबाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम थर: ........ दस्तखत ...........................................
मिति :

शपथ गराउनेको
नाम थर: .............................................................. दस्तखत ..........................................
पद : अध्यक्ष
मिति :

चौरजहारी नगरपालिका

अनुसूची २

(दफा १९ (४) सँग सम्बन्धित)

**प्रतीक चिन्ह**

गोलो घेरामा पुस्तक र लेख्न लागेको हातको सङ्केत हुनेछ । चौरजहारी बाङमय कला परिषद् माथि र मुनि चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग), २०८२ उल्लेख भएको हुनेछ ।

चौरजहारी नगरपालिका

आज्ञाले,

शेरप्रसाद ढकाल

नि.प्रमुख प्रशासकीय अधिकृत